| बुढीगंगा गाउँपालिका, मोरङ |
| --- |
| **स्थानीय राजपत्र** |
| खण्डः १० संख्याः९ मितिः २०८३ साल ०३ महिना १९ गते |
| भाग-२ |
| **कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८३** |


## बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८३

**गाउँकार्यपालिकाबाट पारित मितिः २०८३/०३/०९**

**प्रमाणिकरण मितिः २०८३/०३/१८**

**प्रस्तावनाः** बुढीगंगा गाउँपालिका अन्तर्गतबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, प्रभावकारी, प्रविधि मैत्री एवम् सेवाग्राही मैत्री बनाउन उक्त सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको कामप्रति उत्प्रेरित र जवाफदेही बनाउने उद्देश्यले स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४२ को उपदफा २ बमोजिम बुढीगंगा गाउँ कार्यपालिकाले मिति २०८३/०३/०९ गते पारित गरि यो मापदण्ड लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस मापदण्डको नाम "कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८३" हुनेछ।

ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "कर्मचारी" भन्नाले बुढीगंगा गाउँपालिका अन्तर्गत सार्वजनिक निकायमा कार्यरत निजामति सेवा, संघीय निजामति सेवाबाट कामकाजमा रहेका, कर्मचारी समायोजन ऐन अन्तर्गत रहेका, प्रदेश लोकसेवाबाट सिफारिस भई तथा अन्य पालिकाबाट सरुवा भई आएका र अन्य सेवा करारमा कार्यरत राष्ट्रसेवक सम्झनु पर्छ।

ख) "जनप्रतिनिधि" भन्नाले जनताद्वारा चुनिएर गाउँकार्यपालिकामा रहेका जनप्रतिनिधि सम्झनु पर्छ।

ग) "सार्वजनिक निकाय" भन्नाले बुढीगंगा गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक सेवा प्रवाह गर्ने संगठित संस्था सम्झनु पर्छ।

घ) "थप समय" भन्नाले कार्यालय समय भन्दा अघि वा पछि कर्मचारीले कार्यालयको काम गरेको समयलाई सम्झनु पर्दछ।

३. **<u>सेवासुविधा रकम</u>** <u>पाउनेः</u> स्वीकृत दरबन्दी भित्र रही बुढीगंगा गाउँपालिका अन्तर्गतका सार्वजनिक निकायमा नेपाल सरकारले तोकेको कार्यालय समय भन्दा अघि वा पछि कार्यालयको काम गरेका कर्मचारीहरुलाई नियमानुसार बैठक भत्ता तथा मासिक रुपमा दफा ४ बमोजिमको अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ।

४. **<u>सेवा सुविधा रकम उपलब्ध गराउनु पर्नेः</u>** (क) बुढीगंगा गाउँपालिकामा कार्यरत तपसिलका तहगत कर्मचारीहरुलाई शुरू तलब स्केलले हुन आउने रकममको तपसिलको प्रतिशतमा नबढ्ने गरी मासिक रुपमा प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

| क्र.स. | पद | पाउने प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | पन्ध्र | |
| २ | अधिकृत स्तर आठौं/सातौं/छैटौं तह | दश | |
| ३ | सहायकस्तर पाचौ/चौथो तह | दश | |
| ४ | अन्य | दश | |

(ख) उपदफा (क) बमोजिमको प्रोत्साहन रकम दफा (३) बमोजिमका कर्मचारीहरुलाई आर्थिक वर्ष २०८२/०८३ को श्रावण महिनादेखी नै भुक्तानी गर्न सकिनेछ।

(ग) उपदफा (क) र (ख) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(घ) बुढीगंगा गाउँपालिकाका जनप्रतिनिधिहरुको संयोजकत्वमा कार्यालयले आयोजना गरेको विभिन्न समितिको बैठक, कार्यक्रम तथा योजना अनुगमनमा खटिने कर्मचारीहरुलाई नियमानुसार अनुगमन भत्ता तथा कार्यक्रममा सहभागी भत्ता उपलब्ध गराउन सकिनेछ।

५. **<u>काममा लगाई प्रोत्साहन गर्न सक्नेः</u>** (क) बुढीगंगा गाउँपालिकाको अन्तिम लेखा परीक्षण/सम्परीक्षण, स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीमा प्रविष्टी, वार्षिक बजेट योजना तथा कार्यक्रम निर्माण, ऐन, कानून तथा कार्यविधीको मस्यौदा निर्माण र गाउँसभा तयारी तथा सञ्चालनमा खटिने कर्मचारीहरुलाई शुरु तलब स्केलको एक महिना बराबरको तलब मौद्रिक रुपमा प्रोत्साहन वापत उपलब्ध गराउन सकिनेछ।

(ख) उपदफा (क) बमोजिमको कार्यमा खटिने कर्मचारी सम्बन्धी निर्णय प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(ग) उपदफा (ख) बमोजिम खटाईएका कर्मचारीहरुले दफा ४ बमोजिमको प्रोत्साहन वापतको एक महिनाको रकम प्राप्त गर्ने छैनन।

६. **<u>स्रोत व्यवस्थापनः</u>** क) यस मापदण्ड बमोजिम सेवा सुविधाको रकम आन्तरिक स्रोतबाट खर्च लेखुपर्नेछ।
ख) बुढीगंगा गाउँपालिकाले सेवा सुविधाको रकम उपलब्ध गराउँदा आन्तरिक स्रोतमा अपुग हुने भएमा राजश्व बाँडफाँट वा कन्टेन्जेन्सी रकमबाट सेवा सुविधाको रकम उपलब्ध गराउन सकिनेछ।

७. **<u>सेवा सुविधाको रकम प्रदान गर्न नसकिने अवस्थाः</u>** गाउँपालिका अन्तर्गत कार्यरत देहाय बमोजिमका कर्मचारीहरुलाई सेवा सुविधाको रकम उपलब्ध गराउन सकिने छैन।

(क) प्रचलित कानून बमोजिम निलम्बनमा परेको कर्मचारी

(ख) प्रचलित कानून बमोजिम बर्खास्त गरिएको कर्मचारी

(ग) असाधारण, अध्ययन तथा बेतलबी विदामा बसेका कर्मचारी

८. **<u>लेखा तथा लेखापरीक्षणः</u>** यस मापदण्ड बमोजिम उपलब्ध गराईएको सेवा सुविधा रकमको सम्बन्धित सार्वजनिक निकायले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नु/गराउनु पर्नेछ।

९. **<u>बाधा अड्काउ फुकाउन सकिनेः</u>** (क) यस मापदण्ड बमोजिम सेवा सुविधा रकम प्रदान गर्न कुनै बाधा परेमा गाउँकार्यपालिकाले बाधा अड्काउलाई फुकाउन सक्नेछ।

(ख) यो मापदण्ड गाउँकार्यपालिकाले खारेज वा संशोधन नगरेसम्म बहु आर्थिक बर्ष सम्म लागु हुनेछ।

आज्ञाले

प्रयाश भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

बुढीगंगा गाउँपालिका, मोरङ